# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ | संख्याः १३ | प्रमाणिकरणः२०७७।१२।३०

प्रकाशन मितिः २०७७।१२।३०


## भाग-२

# ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

**प्रस्तावनाः**

नेपालको संविधानमा लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धि हक, राज्यका सबै तहमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने लगायतका मौलिक हकको प्रत्याभूत गरी महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसाजस्ता जघन्य अपराधलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ति दिलाउने र शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा विशेष अवसरहरुद्धारा लैङ्गिक समानता कायम गर्ने व्यवस्थाका लागि "ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५" को नियम ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधीको नाम **"ठाकुरबाबा नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष ( सञ्चालन) कार्यविधि, २०७७"** रहने छ ।

(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) 'नगरपालिका' भन्नाले ठाकुरबाबा नगरपालिका सैनवार बर्दियालाई सम्झनु पर्दछ ।

(ख) 'कार्यपालिका' भन्नाले ठाकुरबाबा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले नगर कार्यपालिको कार्यालय, सैनवार बर्दियालाई सम्झनु पर्दछ ।

(घ) "कोष" भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्दछ ।

(ङ) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्दछ ।

(च) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थल तथा अन्य क्षेत्रमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीति लगायत लैङ्गिक आधारमा हुने हिंसालाई सम्झनु पर्दछ ।

ठाकुरबाबा नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि,२०७७

(छ) "सञ्चालक तथा राहत समिति" भन्नाले दफा ६ बमोजिमको कोष सञ्चालक तथा राहत समिति सम्झनु पर्दछ ।

(ज) 'संघ संस्था' भन्नाले लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थालाई सम्झनु पर्दछ ।

## परिच्छेद १
## कोष स्थापना तथा सञ्चालन

३. **कोषको स्थापना** ः (१) 'ठाकुरबाबा लैङ्गिक हिंसा निवारण कोष' स्थापना गरिएकोछ ।

(२) दफा ३ को उपदफा १ बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरू जम्मा हुनेछ ः-

(क) संघीय सरकारबाट प्राप्त रकम

(ख) प्रदेश सरकारबाट प्राप्त रकम

(ग) नगरपालिकाबाट प्राप्त रकम

(घ) स्वदेशी तथा विदेशी व्यक्ति वा संघ।संस्थाबाट प्राप्त रकम

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) दफा ३ को उपदफा २ बमोजिमको रकम नेपाल सरकारबाट मान्यता प्राप्त 'क' वर्गको बैंकमा छुटै खाता खोली जम्मा गरिनेछ ।

(४) कोषको बैंक खाता सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४. **कोषको उपयोग** ः (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछः-

(क) तत्काल उद्धार गर्न

(ख) औषधी उपचार गर्न

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन

(घ) कानूनी सहायता वा स्वरोजगार, मनोसामाजिक उपचार तथा मनोपरामर्श प्रदान गर्न

(ङ) कुनै व्यवसाय वा स्वरोजगार गर्नको लागि बीउ पुँजीको रूपमा प्रदान गर्न

(च) पुनर्स्थापना केन्द्र/सेवा केन्द्र सञ्चालन गर्न

(छ) पीडितको लागि सञ्चालक तथा राहत समितिले तोके बमोजिमको अन्य काममा

(ज) लैंगिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसुरबाट पिडितले प्रचलित कानुन बमोजिम कसुरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसुरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पिडितलाई क्षतिपूर्ति स्वरूप भराउन लेखी आएमा त्यस्तो क्षतिपूर्ति दिन

(२) दफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक तथा राहत समितिले लैङ्गिक हिंसाबाट पिडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागुपदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सकिनेछ ।

५. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने** ः (१) कोषको रकम दफा ४ मा लेखिए बाहेकको अन्य कार्यमा प्रयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक तथा राहत समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चका लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

ठाकुरबाबा नगरपालिका लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

**६. सञ्चालक तथा राहत समितिको गठन** : (१) कोषको सञ्चालन, व्यवस्थापन, राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि एक कोष सञ्चालक तथा राहत समिति रहनेछ ।

(२) सञ्चालक तथा राहत समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) नगर उप-प्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(ग) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य

(घ) स्वास्थ्य शाखा प्रमुख -सदस्य

(ङ) स्थानीय प्रहरी प्रमुख -सदस्य

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत संस्थाहरूमध्येबाट सञ्चालक तथा राहत समितिका अध्यक्षले तोकेको एक जना प्रतिनिधि -सदस्य

(छ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख -सदस्य सचिव

(३) सञ्चालक तथा राहत समितिको सचिवालय ठाकुरबाबा नगरपालिका सैनवार,बर्दिया रहनेछ ।

**७. सञ्चालक तथा राहत समितिको काम, कर्तव्य र अधिकार** : सञ्चालक तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैङ्गिक हिंसा निवारणको सम्वन्धमा नगरपालिकाबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने

(ख) पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने

(ग) संघ, प्रदेश र स्थानीय तहमा लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा तहहरूबीच समन्वय गर्ने

(घ) ठाकुरबाबा नगरपालिका भित्र घटेका लैङ्गिक हिंसासम्वन्धि घटनाको अभिलेख अद्यावधिक गर्ने

(ङ) सीपमूलक तालिम वा स्वरोजगार प्राप्त पीडितलाई बीउ पुंजी प्रदान गर्ने

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने

(छ) लैंगिक हिंसा न्यूनीकरणका लागि नगर एवम् वडा स्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने

(ज) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने

(झ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने

(ञ) लैङ्गिक हिंसा निवारण सम्वन्धि अन्य काम गर्ने वा गराउने ।

**८. सञ्चालक तथा राहत समितिको बैठक र निर्णय** :

(१) सञ्चालक तथा राहत समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) सञ्चालक तथा राहत समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सञ्चालक तथा राहत समितिको सदस्य-सचिवले बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक तथा राहत समितिको सदस्य- सचिवले बैठकको कार्यसूची सहितको सूचना सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) सञ्चालक तथा राहत समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सो समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक तथा राहत समितको बैठकको संयोजक समितिले अध्यक्षता गर्नेछन् ।

(६) सञ्चालक तथा राहत समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ ।

(७) सञ्चालक तथा राहत समितिले बैठकमा आवश्यकता अनुसार ठाकुरबाबा नगरपालिकाको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रीण गर्न सकिनेछ ।

ठाकुरबाबा नगरपालिका लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि २०७७

(८) सञ्चालक तथा राहत समितिको निर्णय सो समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(९) सञ्चालक तथा राहत समितिको बैठकसम्वन्धि अन्य नियम,मापदण्ड तथा आचार संहिता सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **पिडितलाई रकम उपलब्ध गराउने** ः पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि सञ्चालक तथा राहत समितिले कोषबाट पीडितको नाममा रकम निकासा दिनेछ ।

१०. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार** ः (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गरी सवारी साधन प्रयोग गर्नु पर्ने भएमा सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चबापत प्रतिदिन तीन सय रूपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन चार सय रूपैयाँको दरले बढीमा पाँच हजार रूपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीन सय रूपैयाँ, अस्पतालमा बस्ने ब्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन पाँच सय रूपैयाँ र उपचार खर्च समेत गरी बढीमा सात हजार रूपैयाँ

(ग) कानूनी सहायता, मनोसामाजिक परामर्श वा मनोविमर्शका लागि बढीमा पाँच हजार रूपैयाँ सम्म

(घ) कुनै ब्यवसाय वा स्वरोजगार गर्नको लागि बीउ पूँजीको रूपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा पच्चीस हजार रूपैयाँ

(ङ) पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर मानवीय क्षति हुने देखिएको र सोको लागि सञ्चालक तथा राहत समितिको बैठक तत्काल बस्न नसक्ने अवस्था भएमा समितिको संयोजकले सो प्रयोजनका लागि बढीमा पच्चीस हजार रूपैयाँ,

(च) पुनर्स्थापनाको लागि बढीमा दश हजार रूपैयाँ

(छ) सञ्चालक तथा राहत समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रूपैयाँ

(ज) पीडित सँगै कुनै बालबच्चा भए बालबच्चाका लागि पीडित सरहको खाना खर्च रकम

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिका बाहिर रहे बसेको (यस नगरपालिकाको स्थायी बासिन्दा) पिडितलाई सञ्चालक तथा राहत समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

११. **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने** ः (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पिडित वा सरोकारवाला ब्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसूची १ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई सञ्चालक तथा राहत समितिले राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा सञ्चालक तथा राहत समितिले दफा १० को अधीनमा रही पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

१२. **तत्काल रकम उपलब्ध गराउन सक्ने** : (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि जलाइएको, एसिड प्रयोग गरी वा छर्की वा त्यस्तो पदार्थले पोलेको लगायतका गम्भीर प्रकृतिका घटनाका पिडितलाई उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत लगायतको प्रयोजनका लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा र सञ्चालक तथा राहत समितिको बैठक तत्काल बस्ने अवस्था नरहेमा सञ्चालक तथा राहत समितिको संयोजकले आवश्यकता र औचित्यताको आधारमा मनासिव रकम कोषबाट पिडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी सञ्चालक तथा राहत समितिको संयोजकबाट पिडितलाई रकम उपलब्ध गराइएमा त्यसरी रकम उपलब्ध गराइएपछि बस्ने सञ्चालक तथा राहत समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

१३. **कोषको लेखा र लेखा परीक्षण** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१४. **आवर्ति (रिभल्भीङ) कोष** : (१) यो कोष आवर्ति (रिभल्भीङ) कोषको रूपमा रहनेछ ।

१५. **प्रतिवेदन पेश गर्ने** : (१) सञ्चालक तथा राहत समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका काम कारबाहीको प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

१६. **बैठक भत्ता** : (१) सञ्चालक वा राहत समितिका संयोजक वा सदस्यले सो समितिको बैठकमा उपस्थित भए बापत नगर कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता बापत पाउनेछन् तर त्यस्तो रकम वर्षको १० वटा भन्दा बढी बैठकको लागि उपलब्ध हुने छैन ।

१७. **निर्देशन दिन सक्ने** : (१) नगर कार्यपालिकाले सञ्चालक तथा राहत समितिको काम कारबाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सञ्चालक तथा राहत समितिको कर्तव्य हुनेछ ।

१८. **संशोधन** : (१) आवश्यकतानुसार यस कार्यविधिको संशोधन नगर कार्यपालिकाले गर्न सक्नेछ ।

१९. **खारेजी** : (१) कुनै कारणवश कोष सञ्चालन गर्न आवश्यक नभएमा नगर कार्यपालिकाले उक्त कोष खारेज गर्न सक्नेछ ।

(२) कोषको खारेजी भएमा कोषमा रहेको रकम नगरपालिकामा स्वतः हस्तान्तरण हुनेछ ।

ठाकुरबाबा नगरपालिका लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७८

अनुसूची १

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित )

**राहत तथा आर्थिक सहयोग प्राप्त गर्न दिने निवेदनको ढाँचा**

श्री संयोजक ज्यू,
सञ्चालक तथा राहत समिति, लैङ्गिक हिंसा निवारण कोष
ठाकुरबाबा नगरपालिका
सैनवार, बर्दिया ।

**विषय ः सहयोग उपलब्ध गराई पाऊँ ।**

म .............................................................................. मा बस्ने वर्ष ....... को .................................................................. मिति .........................मा लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा (...............................................) भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई उपचार/कानूनी सहायता/ परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य .................................. कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदक

नामथर ः .....................
ठेगाना ः ..........................
दस्तखत ः ........................
मिति ः..........................

आज्ञाले
रामहरि रिजाल
प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिका लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७